# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

**प्रशासन तथा सूचना प्रकाशन शाखा**

**स्थानीय तहका स्वास्थ्य सेवा, विभिन्न समूहका प्राविधिक तर्फका पाँचौं तहका पदहरूको**

## आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ५२/०७८-७९ प्रकाशन मितिः२०७८/८/१३**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम स्थानीय तहमा रिक्त पदहरूको खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको रोजाई प्राथमिकताक्रम अनुसार स्थानीय तह तोकी सिफारिस गरिनेछ। यसरी सिफारिस भएका उम्मेदवारहरूलाई सम्बन्धित स्थानीय तहले नै स्थायी नियुक्ति दिनेछन्। सेवाका सर्त, तलब तथा अन्य सुविधा सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

**आ.प्र. तर्फ**

| क्र.सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५०८/०७८-७९ | आ.प्र. | हेल्थ असिष्टेन्ट | ५ | स्वास्थ्य | हे.ई |  | १२ | लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक | १ |
|  |  |  |  |  |  |  |  |  | तामाकोशी गाउँपालिका, दोलखा | १ |
|  |  |  |  |  |  |  |  |  | गोकुलगँगा गाउँपालिका, रामेछाप | १ |
|  |  |  |  |  |  |  |  |  | बलेफी गाउँपालिका, सिन्धुपाल्चोक | १ |
|  |  |  |  |  |  |  |  |  | बाह्रबिसे नगरपालिका, सिन्धुपाल्चोक | १ |
|  |  |  |  |  |  |  |  |  | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | १ |
|  |  |  |  |  |  |  |  |  | उत्तरगया गाउँपालिका, रसुवा | १ |
|  |  |  |  |  |  |  |  |  | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
|  |  |  |  |  |  |  |  |  | बेनीघाट रोराङ्ग गाउँपालिका, धादिङ्ग | १ |
|  |  |  |  |  |  |  |  |  | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक | १ |
|  |  |  |  |  |  |  |  |  | ज्वालामुखी गाउँपालिका, धादिङ्ग | १ |
|  |  |  |  |  |  |  |  |  | म्यागङ गाउँपालिका, नुवाकोट | १ |

**खुला तथा समावेशीतर्फ**

| क्र.सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५०९ /०७८-७९ | खुला | हेल्थ असिष्टेन्ट | ५ | स्वास्थ्य | हे.ई |  | १९ | लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक | २ |
|  |  |  |  |  |  |  |  |  | तामाकोशी गाउँपालिका, दोलखा | २ |
|  |  |  |  |  |  |  |  |  | गोकुलगँगा गाउँपालिका, रामेछाप | २ |
|  |  |  |  |  |  |  |  |  | बलेफी गाउँपालिका, सिन्धुपाल्चोक | १ |
|  |  |  |  |  |  |  |  |  | बाह्रबिसे नगरपालिका, सिन्धुपाल्चोक | २ |
|  |  |  |  |  |  |  |  |  | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | २ |
|  |  |  |  |  |  |  |  |  | उत्तरगया गाउँपालिका, रसुवा | १ |
|  |  |  |  |  |  |  |  |  | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
|  |  |  |  |  |  |  |  |  | बेनीघाट रोराङ्ग गाउँपालिका, धादिङ्ग | १ |
|  |  |  |  |  |  |  |  |  | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक | २ |
|  |  |  |  |  |  |  |  |  | ज्वालामुखी गाउँपालिका, धादिङ्ग | १ |
|  |  |  |  |  |  |  |  |  | म्यागङ गाउँपालिका, नुवाकोट | २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ५१० /०७८-७९ | महिला | हेल्थ असिष्टेन्ट | ५ | स्वास्थ्य | हे.ई | | ११ | लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | तामाकोशी गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | नेत्रावती डबजोङ गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | गोकुलगँगा गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | बलेफी गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | बाह्रबिसे नगरपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
| | | | | | | | | | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | ज्वालामुखी गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | म्यागङ गाउँपालिका, नुवाकोट | १ |
| ३ | ५११ /०७८-७९ | आ.ज. | हेल्थ असिष्टेन्ट | ५ | स्वास्थ्य | हे.ई | | २ | तामाकोशी गाउँपालिका, दोलखा | १ |
| | | | | | | | | | गोकुलगँगा गाउँपालिका, रामेछाप | १ |
| ४ | ५१२ /०७८-७९ | खुला | पब्लिक हेल्थ नर्स | ५ | स्वास्थ्य | प.हे.न. | | १ | लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| ५ | ५१३ /०७८-७९ | खुला | कविराज | ५ | स्वास्थ्य | आयुर्वेद | | १ | चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक | १ |
| ६ | ५१४ /०७८-७९ | खुला | स्टाफ नर्स | ५ | स्वास्थ्य | जनरल नर्सिङ्ग | | १ | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
| ७ | ५१५ /०७८-७९ | खुला | ल्या.टे. | ५ | स्वास्थ्य | मे.ल्या.टे. | ज.मे.ल्या. टे. | १ | कालिन्चोक गाउँपालिका, दोलखा | १ |
| ८ | ५१६ /०७८-७९ | खुला | फार्मेसी सहायक | ५ | स्वास्थ्य | फार्मेसी | | १ | कालिन्चोक गाउँपालिका, दोलखा | १ |
| ९ | ५१७ /०७८-७९ | खुला | रेडियोग्राफर | ५ | स्वास्थ्य | रेडियोग्राफी | | १ | कालिन्चोक गाउँपालिका, दोलखा | १ |

**परीक्षाको किसिम** : लिखित, कम्प्युटर सीप परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र** : हेटौंडा।

**दरखास्त दस्तुर** : प्रत्येक विज्ञापनका लागि रु.७००। -(सात सय) दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।
समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रति समूहका लागि थप रु. ३००/-(तीन सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि** : अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि** : अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेव साइट ppsc.bagamati.gov.np बाट हेर्न सकिनेछ।

**दरखास्तको माध्यम** : विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरू** : उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रहरू अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना र नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडीको भाग स्क्यान गरी JPG Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** : २०७८/०९/०४ गते सम्म र दोब्बर दस्तुर तिरी २०७८/९/११ गते सम्म।

**उम्मेदवारको उमेरको हद** :

- स्वास्थ्य सेवा तर्फका पदहरूको हकमा २०७८/०९/०४ गते सम्म १८ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको।
- बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता हुने मिति र स्थान** : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरण** : स्थानीय तहको कानून बमोजिम।

**तलब तथा सेवा सुविधा** : स्थानीय तहको प्रचलित कानून बमोजिम।

- **लिखित परीक्षा कार्यक्रमः**

| विज्ञापन नम्बर | पद/सेवा/समूह/उपसमूह | तह | परीक्षा मिति र समय |
|---|---|---|---|
| | | | प्रथम चरण |
| | | | प्रथम पत्र |
| ५१२/०७८-७९ (खुला) | प.हे.नर्स/स्वास्थ्य/प.हे.न. | ५ | २०७८/१०/१० गते सोमबार अपरान्ह ४:३० बजे |
| ५१३/०७८-७९ (खुला) | कविराज/स्वास्थ्य/आयुर्वेद | ५ | २०७८/१०/११ गते मंगलबार अपरान्ह ४:३० बजे |
| ५१४/०७८-७९ (खुला) | स्टाफ नर्स/स्वास्थ्य/जनरल नर्सिङ | ५ | २०७८/१०/१२ गते बुधबार अपरान्ह ४:३० बजे |
| ५१५/०७८-७९ (खुला) | ल्या.टे./स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | ५ | २०७८/१०/१७ गते सोमबार अपरान्ह ४:३० बजे |
| ५१६/०७८-७९ (खुला) | ल्या.टे./स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | ५ | २०७८/१०/१८ गते मंगलबार अपरान्ह ४:३० बजे |
| ५१७/०७८-७९ (खुला) | रेडियोग्राफर/स्वास्थ्य/रेडियोग्राफर | ५ | २०७८/१०/१९ गते बुधबार अपरान्ह ४:३० बजे |
| ५०८/०७८-७९ (आ.प्र.) | हेल्थ असिष्टेन्ट/स्वास्थ्य/हे.इ. | ५ | २०७८/१०/२८ गते शुक्रबार अपरान्ह ४:३० बजे |
| ५०९-५११/०७८-७९ (खुला तथा समवेशी) | हेल्थ असिष्टेन्ट/स्वास्थ्य/हे.इ. | ५ | २०७८/१०/२९ गते शनिबार अपरान्ह ४:३० बजे |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता (खुला तथा समावेशीको लागि)**

**आ.प्र. तर्फ**

**स्वास्थ्य/हे.ई./हेल्थ असिष्टेन्टः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. वा सि.एम.ए. कोर्ष उत्तीर्ण गरी सि.अ.हे.व. तालिम प्राप्त"

**खुला तर्फ**

**स्वास्थ्य/प.हे.न./क.न./पब्लिक हेल्थ नर्सः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह उपाधि प्राप्त"

**स्वास्थ्य/जनरल नर्सिङ्ग/स्टाफ नर्सः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह उपाधि प्राप्त"

**स्वास्थ्य/फार्मेसी/फार्मेसी सहायकः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण"

**स्वास्थ्य/मे.ल्या.टे/ज.मे.ल्या.टे/ल्याब टेक्निसियनः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी ल्याब टेक्निसियनको दुइ वर्ष छ महिनाको कोर्स उत्तीर्ण"

**स्वास्थ्य/हे.ई/हेल्थ असिस्टेन्टः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण"

**स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफरः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण"

**स्वास्थ्य/आयुर्वेद/कविराजः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण"

**खुला/समावेशी तथा आ.प्र. परीक्षाको लागि विशेष सुचना**

१. स्वास्थ्य सेवा तर्फका पदहरूको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा परीक्षा हुने पदहरूको लागि प्रथम चरणमा उत्तीर्ण गरेको उम्मेदवारहरूलाई मात्र द्वितीय चरणमा सहभागी गराइनेछ।

३. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि स्थानीय तहहरूको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ। प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्य उम्मेदवारले रोजेर बाँकी भएको स्थानको पदमा सिफारिस गरिनेछ।

४. समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

५. स्थायी वहालवाला कर्मचारीले समान पदमा दरखास्त दिन पाउने छैन ।

६. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै स्वयम् आयोगको कार्यालयमा उपस्थित भई आवेदन गर्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

७. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

८. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

९. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

१०. उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ । उम्मेदवारको दरखास्त फाराम स्वीकृत/अस्वीकृत तथा नतिजा सम्बन्धी विवरण सिधै मोवाइल मार्फत् जानकारी गराईने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार आफैं हुनुपर्नेछ ।

११. विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्र छनौट गर्नुपर्नेछ ।

१२. यस सूचना बमोजिम तोकिएको माग पदको सङ्ख्यामा दोहोरो माग कायम हुन आएको देखिएमा माग पदमा संशोधन हुन सक्नेछ।

१३. दरखास्त बुझाउने अन्तिम मिति २०७८/०९/०४ गतेसम्म बागमती प्रदेशका स्थानीय तहहरूबाट थप माग आकृति फाराम भरी प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिनेछ ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

१. आदिवासी/जनजातिका हकमा: नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।